| | |
|---|---|
| कार्यविधि संख्या | |

# ट्याक्टर सञ्चालन सम्वन्धी कार्यविधि २०७७

| | |
|---|---|
| गाउँकार्यपालिकाबाट स्वीकृत मिति | २०७७/०७/२७ |

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

# टयाक्टर सञ्चालन सम्वन्धी कार्यविधि २०७७

माण्डवी गाउँपालिकाले आ.व.२०७७/०७८ मा सञ्चालित विभिन्न आयोजनाहरु कार्यान्वयन गर्नका लागि तथा फोहोरमैला व्यवस्थापन गाउँपालिका कै टयाक्टर मार्फत गर्ने गरि गाउँसभाबाट कार्यक्रम तथा बजेट विनियोजन गरेको छ। गाउँपालिकाले आ.व. २०७६/०७७ मै टयाक्टर खरिद गरि गाउँपालिकाबाट निर्माण गरिने विकास निर्माणका कामको सामान ओसार पसार तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी काम गर्दै आएको छ।गाउँपालिका कै टयाक्टर मार्फत काम गर्दा लागत अनुमान भन्दा कम पनि हुने तथा जनतासँगै सहभागितामा काम गर्दा अपनत्व पनि लिने गरेको पाइन्छ।स्थानिय तहको आन्तरिक आम्दानी बढाउनु पर्ने आवश्यकता रहेकोले गाउँपालिकाको टयाक्टर मार्फत विकाश निर्माण तथा अन्य ढुवानि सम्वन्धि काम गर्दा विनियोजित वजेटलाई आन्तरिक आम्दानीको रुपमा लिने गरेको छ।गाउँपालिकाको टयाक्टर सञ्चालन गर्दा प्रभावकारी,पारदर्शी ढंगले गर्न वाञ्छनिय भएकाले यो कार्यविधि बनाइ लागु गरिएको छ।

यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरे पछि लागु हुनेछ।

## टयाक्टर सञ्चालनका उद्देश्यहरू:

१.गाउँपालिका अर्न्तगत सञ्चालनमा आउने विभिन्न कार्यक्रममा प्राप्त सामाग्रि जस्तै जस्तापाता,बिजुलिको तार आदि आम सर्वसाधरण माझ पुर्याउन सहयोग गर्नु।

२.गाउँपालिका अर्न्तगत फोहोरमैला संकलन तथा व्यबस्थापनको कार्यमा सहयोग गर्नु।

३.गाउँपालिका अर्न्तगतका सडक निर्माणका कार्यमा आवश्यक सहयोग गर्नु।

४.गाउँपालिका अर्न्तगत सञ्चालन हुने आयोजनाको लागि आवश्यक सामाग्रिको ढुवानिमा सहयोग गर्नु।

५.गाउँपालिका बाट वडा सम्म आवश्यक परेको बखत यात्रु ओसार पसारमा सहयोग गर्नु।

६.गाउँपालिकाको आन्तरिक आम्दानीमा सहयोग पुर्याउनु।

## टयाक्टर सञ्चालन प्रक्रियाः

गाउँपालिकाको टयाक्टर सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्तिको व्यबस्थापन गाउँपालिकबाट हुनेछ।गाउँसभाबाट विनियोजित कार्यक्रम तथा वजेटलाई कार्यान्वयन गर्न सहयोग गर्नु टयाक्टरको मुख्य कार्य रहेको छ।

१.टयाक्टर सञ्चालनका लागि गाउँपालिकाले एक जना चालक राख्नेछ।

२.टयाक्टर चालकको तलब न्युनतम मासिक रु १६ हजार र भत्ताको हकमा सामाग्रिको लोड अनलोड गरे बापत रु २ सयका दरले प्रदान गर्नेछ। यसमा थपघट गर्न परेमा गाउँकार्यपालिकाले गर्नेछ।

३.टयाक्टर सञ्चालनका लागि आवश्यक इन्धनको व्यबस्था गाउँसभाबाट इन्धन खर्च शिर्षकमा छुटयाउनु पर्नेछ।

४.टयाक्टरको नियमित मर्मत सम्भार गर्नुपर्नेछ,सोको लागि आवश्यक रकमको सुनिश्चितता गाउँसभाबाट व्यबस्था गर्नुपर्नेछ।

५.वडा कार्यालयहरुले सञ्चालन गर्ने विभिन्न कार्यक्रमका लागि टयाक्टरको माग भए माग भए बमोजिम आवश्यकता र टयाक्टरको कार्यव्यस्थतामा आधारमा पालैपालो उपलब्ध गराइनेछ।

६.टयाक्टर सञ्चालनको समय, काम गरेको स्थान, गरेको कार्य र लाग्ने लागतको बारेको यथार्थ विवरण टयाक्टर चालकले सोहि समयमै राख्ने पर्नेछ।

७.टयाक्टर जुन वडा कार्यालय अर्न्तगत काम गरेको छ त्यस अवधि सम्म टयाक्टरको सुरक्षा रेखदेख र संरक्षण गर्ने जिम्मा सोहि वडा कार्यालयको हुनेछ।

८.गाउँपालिकामा सञ्चालन गर्ने कार्यक्रमको लागि सामान ढुवानी सम्वन्धी कार्य र अन्य कार्य गाउँपालिको टयाक्टरले मात्र नसक्ने अवस्था आएमा सो को लागि अन्य बैकल्पिक व्यबस्था गर्न सकिने छ।

९.टयाक्टर चालकले दैनिक विवरण अनिवार्य रुपमा राख्नु पर्नेछ।

१०.टयाक्टर चालकले संकलन गरेको राजस्व जुन दिन प्राप्त गरेको सोहि दिन अनिवार्य रुपमा स्थानिय संञ्चिल कोषमा संकलन गराउनु पर्नेछ।

११.टयाक्टर चालकले प्रतेक महिना आफुद्वारा सम्पादन गरेका कार्यको सम्पुर्ण विवरण र जम्मा गरेको राजस्वको विवरण प्रमुख प्रशासकिय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**टयाक्टर सञ्चालन दर अभिलेखः**

माण्डवी गाउपालिका वडा नं.१

| **क्र.स.** | **देखी** | **सम्म** | **दर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | माण्डवी गा.पा. जस्पुर | तिराम गणेश मा.वी. | २३००/- | |
| २ | माण्डवी गा.पा. जस्पुर | लामपोखरा | २३००/- | |
| ३ | माण्डवी गा.पा. जस्पुर | तिराम विचटोल | २२००/- | |
| ४ | माण्डवी गा.पा. जस्पुर | सिमलचौर | १३००/- | |
| | माण्डवी गा.पा. जस्पुर | थक्लेनी | १८००/- | |

माण्डवी गाउपालिका वडा नं.२

| क्र.स. | देखी | सम्म | दर | कैफीयत |
| --- | --- | --- | --- | --- |
| १ | माण्डवी गा.पा. जस्पुर | रातापानी | २८००/- | |
| २ | माण्डवी गा.पा. जस्पुर | पुकरुक | ३८००/- | |
| ३ | माण्डवी गा.पा. जस्पुर | ढाड | ३२००/- | |
| ४ | माण्डवी गा.पा. जस्पुर | गोलबाङ | २८००/- | |
| ५ | माण्डवी गा.पा. जस्पुर | धनचौर | ३२००/- | |
| ६ | माण्डवी गा.पा. जस्पुर | ढिकावन | २८००/- | |

माण्डवी गाउपालिका वडा नं.३

| क्र.स. | देखि | सम्म | दर | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | माण्डवी गा.पा. जस्पुर | आपचौर | १८००/- | |
| २ | माण्डवी गा.पा. जस्पुर | मार्सिबाङ | १५००/- | |
| ३ | माण्डवी गा.पा. जस्पुर | जस्पुर कोट | १३००/- | |
| ४ | माण्डवी गा.पा. जस्पुर | सल्ली कोट | १८००/- | |
| ५ | माण्डवी गा.पा. जस्पुर | देविस्थान(तल्लो बेल्ट) | १२००/- | |

माण्डवी गाउपालिका वडा नं.४

| क्र.स. | देखि | सम्म | दर | कैफियत |
|---|---|---|---|---|
| १ | माण्डवी गा.पा. जस्पुर | धनचौर | २३००/- | |
| २ | माण्डवी गा.पा. जस्पुर | डाँडाँकटेरि | ३८००/- | |
| ३ | माण्डवी गा.पा. जस्पुर | नर्सु | ३८००/- | |
| ४ | माण्डवी गा.पा. जस्पुर | धोबाघाट | ३०००/- | |
| ५ | माण्डवी गा.पा. जस्पुर | सिरुबारी | ३०००/- | |

माण्डवी गाउपालिका वडा नं.५

| क्र.स. | देखि | सम्म | दर | कैफियत |
|---|---|---|---|---|
| १ | माण्डवी गा.पा. जस्पुर | सिख्रे | २५००/- | |
| २ | माण्डवी गा.पा. जस्पुर | चिन ढुङ्ढुङ्गे | २२००/- | |
| ३ | माण्डवी गा.पा. जस्पुर | तिघ्रा | २२००/- | |
| ४ | माण्डवी गा.पा. जस्पुर | चकचके | १२००/- | |
| ५ | माण्डवी गा.पा. जस्पुर | कालिखोला | १२००/- | |
| ६ | माण्डवी गा.पा. जस्पुर | एकचोटे | १२००/- | |
| ७ | माण्डवी गा.पा. जस्पुर | अड्दुस | १२००/- | |